बढुवा समितिबाट मिति २०८१/०४/०३ गते स्वीकृत

# स्थानीय सरकारी सेवाको पदमा स्तर वृद्धि, तह वृद्धि र बढुवा व्यवस्थापन सम्बन्धी द्विविधा उपर परामर्श सम्बन्धमा अवलम्बन गर्नुपर्ने प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१

स्थानीय सरकारी सेवाको पदमा तह वृद्धि सिफारिस गर्दा परेको द्विविधा सम्बन्धमा परामर्श गर्दा अवलम्बन गर्ने प्रक्रियालाई व्यवस्थित गर्न आवश्यक भएकोले,

स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को ३८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी बढुवा समितिले यो कार्यविधि जारी गरेको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम "स्थानीय सरकारी सेवाको पदमा स्तर वृद्धि, तह वृद्धि र बढुवा व्यवस्थापन सम्बन्धी द्विविधा उपर परामर्श सम्बन्धमा अवलम्बन गर्नुपर्ने प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. <u>**परिभाषाः-**</u> (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ।

(ख) "तह वृद्धि" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिमको तह वृद्धिलाई जनाउने छ।

(ग) "द्विविधा" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) बमोजिमको द्विविधा सम्झनु पर्छ।

(घ) "बढुवा" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (१६) बमोजिम हुने बढुवा सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (४) बमोजिमको समिति सम्झनु पर्दछ।

३. <u>**परामर्श माग गर्ने प्रक्रियाः-**</u> (१) स्थानीय तहले बढुवा समितिसँग तहवृद्धिका सम्बन्धमा परामर्श माग गर्दा समितिले विषयवस्तुको संक्षिप्त विवरण, प्रचलित कानुनी व्यवस्था, समितिको राय सहित बढुवा समितिमा पठाउनु परेको कारण समेत खुलाई बढुवा समितिमा परामर्शका लागि पठाउने निर्णय गरिएको हुनु पर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम भएको निर्णयको प्रतिलिपि समेत संलग्न गरी तहवृद्धि बढुवा समितिमा परामर्शका लागि पठाउनु पर्नेछ।

४. **परामर्श दिने प्रक्रियाः-** (१) दफा ३ बमोजिमका विषयहरू उल्लेख नभई परामर्श माग भई आए नआएको एकीन गरी प्रक्रिया पूरा गर्न आवश्यक देखिएमा सदस्य-सचिवले दफा ३ बमोजिम हुने गरी पठाउन सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ।

(२) दफा ३ बमोजिमको प्रक्रिया पूरा भई आएका वा दफा ४ को उपदफा (१) बमोजिम लेखी पठाएकोमा रितपूर्वक पेश भएका विषयलाई सदस्य-सचिवले अध्ययन गरी परामर्श माग भएको विषय, प्रचलित कानूनी व्यवस्थाहरू समेतका विवरण तयार गरी/गर्न लगाई बढुवा समितिको बैठकमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएको विषयमा बढुवा समितिबाट भएको निर्णय जानकारीका लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ र सोको जानकारी प्रदेश लोक सेवा आयोगलाई समेत दिनु पर्नेछ।

५. **परामर्श उपलब्ध गराउने अवधिः-** (१) सम्बन्धित स्थानीय तहबाट रितपूर्वक परामर्श माग भई आएको बढीमा पन्ध्र दिनभित्र निर्णयका लागि बढुवा समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) बढुवा समितिले रितपूर्वक परामर्श माग गरेको पन्ध्र दिन भित्र परामर्श दिने कार्य सम्पन्न गर्नु पर्नेछ।

६. **कागजात वा विवरण माग गर्न सक्नेः-** बढुवा समितिले आवश्यक देखिएमा परामर्श माग गर्ने स्थानीय तहलाई तह वृद्धि हुने कर्मचारीहरूको व्यक्तिगत विवरण, शैक्षिक योग्यता लगायतका अन्य आवश्यक विवरणहरू माग गर्न सक्नेछ। माग भएका विवरण उपलब्ध गराउनु सम्बन्धित निकायको दायित्व हुनेछ।

७. **थप प्रक्रिया अवलम्बन गर्न सक्नेः-** (१) बढुवा समितिले तह वृद्धि सम्बन्धमा परामर्श दिदा यस कार्यविधिका अतिरिक्त आवश्यकता बमोजिम अन्य थप प्रक्रिया अवलम्बन गर्न सक्नेछ। उक्त प्रक्रियाहरू यस कार्यविधिकै अभिन्न अंग हुनेछन् ।

(२) बढुवा समितिले यस कार्यविधिमा आवश्यकतानुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ।